म.जि.प्र.का.द.नं. : १०६/०६८, वर्ष १५ अंक २८३ शनिबार, १६ जेठ २०८३ ने. सं. ११४६ अनलाथ्व 30 May 2026 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## हेटौंडा-कुलेखानी-फाखेल सडक एक महिना बन्द

हेटौंडा, १५ जेठ/ हेटौंडा-काठमाडौं जोड्ने छोटो दूरिको मार्ग हेटौंडा-कुलेखानी-फाखेल सडक एक महिनाका लागि बन्द गरिएको छ । बागमती प्रदेशको राजधानी हेटौंडा र संघीय राजधानी काठमाडौं जोड्ने छोटो दूरीको हेटौंडा-कुलेखानी-फाखेल-फर्पिङ सडकखण्ड जेठ १५ गतेदेखि एक महिनाका लागि पूर्णरूपमा बन्द गरिएको हो । पूर्वाधार विकास कार्यालय, हेटौंडाले निर्माण कार्यका लागि सडक बन्द गर्न जिल्ला प्रशासन कार्यालय मकवानपुरलाई आग्रह गरे अनुसार सो सडक पूर्णरुपमा बन्द गरिएको हो । सो सडक खण्डअन्तर्गत् इन्द्रसरोवर गाउँपालिका वडा नम्बर २ स्थित महालक्ष्मी खोलामा पक्की पुल निर्माण भइरहेको र सोही खण्डमा जेठ १५ गतेदेखि सडक ढलानको कार्य सुरु हुन लागेकाले सडक बन्द गर्न लागिएको हो । चालू आर्थिक वर्ष २०८२/८३ भित्रै काम सम्पन्न गर्नुपर्ने दबाब र सडकमा सवारी साधनको अत्यधिक चापका कारण निर्माण कार्यमा अवरोध पुग्ने तथा जामका कारण यात्रुले सास्ती भोग्नुपर्ने देखिएकाले सडक बन्द गरिएको हो । यात्रु तथा सवारी धनीहरूले हेभी-सिस्नेरी-दक्षिणकाली-फर्पिङ सडक खण्डलाई वैकल्पिक मार्गको रूपमा प्रयोग गर्न आग्रह गरिएको छ ।

### नेपालको आगामी बजेट २१ खर्ब २४ अर्ब

# हेटौंडा-नारायणगढ सडक चार लेन हुने

साझाकुरा संवाददाता

हेटौंडा, १५ जेठ/ आगामी आर्थिक वर्ष २०८३/८४ का लागि सरकारले २१ खर्ब २४ अर्ब ३४ करोड रुपैयाँको बजेट शुक्रबार सार्वजनिक गरेको छ ।

संघीय संसद्को संयुक्त बैठकमा बजेट प्रस्तुत गर्दै अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले चालुतर्फ १२ खर्ब ७० अर्ब, पूँजीगततर्फ ४ खर्ब ३१ अर्ब तथा वित्तीय व्यवस्थातर्फ ४ खर्ब २२ अर्ब रुपैयाँ बजेट विनियोजन गरिएको घोषणा गरेका हुन् ।

सात प्रतिशतको आर्थिक बृद्धि हुने अनुमान बजेटले गरेको छ । बजेटमा सरकारले आगामी आर्थिक वर्षका लागि १४ खर्ब चार अर्ब रुपैयाँ राजस्व संकलन गर्ने लक्ष्य लिएको छ । यस्तै, ६१ अर्ब ७४ करोड रुपैयाँ अनुदान र दुई खर्ब ४७ अर्ब रुपैयाँ वैदेशिक ऋणमार्फत् स्रोत व्यवस्थापन गरिनेछ । आन्तरिक ऋणतर्फ चार खर्ब १० अर्ब रुपैयाँ उठाइने घोषणा गरिएको छ ।

सरकारले आगामी आर्थिक वर्ष २०८३/८४ का लागि प्रस्तुत गरेको बजेटमार्फत् राज्य संरचना, कर प्रणाली, ऊर्जा, डिजिटल अर्थतन्त्र, लगानी, पूर्वाधार, सामाजिक सुरक्षा र प्रशासनिक सुधारमा व्यापक पुनर्संरचनाको घोषणा गरेको छ ।

सरकारले आगामी आर्थिक वर्षमा एक हजार किलोमिटर सडक कालोपत्रे र दुई सय सडक पुल निर्माण गर्ने घोषणा गरेको छ । अर्थमन्त्री वाग्लेका अनुसार पूर्व-पश्चिम राजमार्ग चार लेनमा बिस्तार गर्ने काम ५ वर्षभित्र सम्पन्न गरिनेछ । हेटौंडा-नारायणगढ सडक खण्ड चार लेन सडक आगामी आर्थिक वर्षदेखि सुरु गरिने घोषणा गरिएको छ ।

उक्त कार्यका लागि सरकारले ३७ अर्ब बजेट व्यवस्था गर्ने घोषणा गरेको हो । त्यसैगरी काठमाडौं-तराई-मधेश द्रुतमार्ग (फास्ट ट्र्याक) मा आगामी वर्षमा ४० वटा पुल र ५.४ किमिको सुरुङ निर्माण सम्पन्न हुने अर्थमन्त्री वाग्लेले बताउनुभएको छ । यस आयोजनाका लागि आगामी आर्थिक वर्षका लागि १७ अर्ब ६४ करोड रुपैयाँ विनियोजन गरिएको छ ।

सरकारले निर्माणाधीन प्रसारणलाइन र सवस्टेशन निर्माण गर्न ७० अर्ब रुपैयाँ बजेट विनियोजन गरेको छ । आगामी आर्थिक वर्षमा हेटौंडा-ढल्केबर प्रसारण लाइन आगामी आवमा निर्माण गरिने भएको छ । ग्रीन हाइड्रोजनको व्यावसायिक उत्पादन सुरु गर्न सरकारले हेटौंडामा २५ मेगावाटको ग्रीन हाइड्रोजन प्लान्ट स्थापना गर्ने भएको छ ।

सरकारले राज्य संरचना र प्रशासनिक खर्चमा व्यापक कटौती तथा पुनर्संरचनाको घोषणा गरेको छ । अर्थमन्त्री वाग्लेले ३१ सरकारी निकाय खारेज, ६ निकाय गाभ्ने, ६ निकाय हस्तान्तरण गर्ने तथा १८ निकायको पुनर्संरचना गर्ने घोषणा गरेका छन् । अर्थमन्त्री वाग्लेले साधारण खर्च नियन्त्रणलाई प्राथमिकतामा राख्दै कार्यालय सञ्चालन खर्चमा उल्लेख्य कटौती गर्ने बताएका छन् । गाभिएका तथा खारेज गरिएका निकायका दरबन्दी मिलान र दायित्व व्यवस्थापनको कार्य सम्पन्न नभएसम्म ती निकायका लागि छुट्याइएको बजेट रोक्का गरिने उनको भनाइ छ ।

तालिम केन्द्र बाहिर गरिने तालिम खर्च, क्यामेरालगायत उपकरण खरिदमा विनियोजन हटाएको उनले बताए । सरकारले विभिन्न कोष स्थापना गरी अतिरिक्त सुविधा वितरण गर्ने अभ्यास अन्त्य



गर्ने पनि घोषणा गरेको छ । सार्वजनिक संस्थान तथा कर्मचारीलाई ती संस्थानबाट उत्पादित वस्तु वा सेवा खरिद गर्दा दिइँदै आएको छुट सुविधासमेत हटाइने भएको छ । यी कदमबाट करिब २० अर्ब रुपैयाँ बराबरको बचत हुने अनुमान गरिएको उनले बताए ।

सरकारले आगामी आर्थिक वर्ष २०८३/८४ मा राजस्व बाँडफाँट, रोयल्टी र वित्तीय हस्तान्तरणमार्फत् ६ खर्ब रुपैयाँ बराबर प्रदेश र स्थानीय तहमा पठाउने भएको छ । अर्थमन्त्री वाग्लेका अनुसार प्रदेशका लागि ६१ अर्ब ५० करोड र स्थानीय तहमा ९० अर्ब २० करोड वित्तीय समानीकरण अनुदान जानेछ । प्रदेश र स्थानीय तहमा चार अर्ब ६० करोड र आठ अर्ब ९३ करोड समपूरक अनुदान जाने छ । साथै प्रदेश र स्थानीय तहमा तीन अर्ब ८२ करोड र नौ अर्ब ४० करोड विशेष अनुदान छुट्याइएको छ । संघीय सरकारका आयोजना कार्यान्वयनका लागि प्रदेशमा ३९ अर्ब ७२ करोड र दुई खर्ब छ अर्ब स्थानीय तहमा सशर्त अनुदान हस्तान्तरण गरिने भएको छ । राजस्व बाँडफाँटबाट कूल एक खर्ब ७५ अर्ब रकम जानेछ ।

सरकारले मोतिपुर र मयुरधापलगायत औद्योगिक क्षेत्र निजी क्षेत्रले निर्माण र सञ्चालनको जिम्मा निजी क्षेत्रलाई दिने घोषणा गरेको छ । अर्थमन्त्री वाग्लेले पाँचखाल विशेष आर्थिक क्षेत्रमा महिला उद्यमीलाई प्राथमिकता दिइने बताए ।

उद्योग र औद्योगिक नवप्रवर्तनमा सरकार दत्तचित्त रहेको उल्लेख गर्दै उनले गुणस्तरीय औद्योगिक पूर्वाधार बिस्तार गर्ने नीति लिइएको स्पष्ट पारे । 'महिला उद्यमीलाई कर्जा प्रवाहमा थप सहुलियत प्रदान गर्नेछौं । विशेष आर्थिक क्षेत्रलाई कर, भन्सार, आयात र लगानीको सम्पूर्ण निर्णय एकै थलोबाट हुने विशेष आर्थिक प्रशासन क्षेत्रको व्यवस्था मिलाउने छौं', उनले भने ।

उत्पादनमूलक उद्योगको प्रतिस्पर्धात्मक क्षमता अभिबृद्धि गर्न विद्युत्को डिमान्ड शुल्क पुनरावलोकन गर्दै विद्युत् महसुलमा छुट दिने व्यवस्था गर्ने बजेट वक्तव्यमा उल्लेख छ । उद्योगीले औद्योगिक क्षेत्र, विशेष आर्थिक क्षेत्र तथा लिजमा उपलब्ध गराइने जग्गामा निर्माण गरिने संरचनालाई बैंकिङ प्रयोजनका लागि धितो राख्न सक्ने अर्थमन्त्रीले जानकारी दिए ।

सरकारले स्वास्थ्य बीमा कार्यक्रमको पुनर्संरचना गर्ने भएको छ । बजेटमा आगामी ३ वर्षमा ९० प्रतिशतलाई स्वास्थ्य विमाको दायरामा ल्याइने लक्ष्य पनि राखिएको अर्थमन्त्री वाग्लेले बताए ।

उनले भने, 'स्वास्थ्य बीमा कार्यक्रमको व्यापक पुनर्संरचना गर्नेछौं । छरिएर रहेका सामाजिक सुरक्षा स्वास्थ्य कार्यक्रम र स्वास्थ्य सम्बन्धि दायित्वलाई एकीकृत गर्दै एकल भुक्तानी विधि अपनाउनेछौ । स्वास्थ्य विमाको सर्वव्यापिकरणबाट आगामी ३ वर्षमा ९० प्रतिशत स्वास्थ्य बिमाको दायरामा आउने र व्यक्तिगत उपचार खर्चमा उल्लेख्य कटौति हुने अपेक्षा राखेका छौं । राष्ट्रिय ट्रमा नीति तर्जुमा गरी सडक दुर्घटना र आकस्मिक ट्रमाबाट हुने जनधनको क्षति न्यूनिकरण गर्नेछौं ।'

अर्थमन्त्री वाग्लेले सडक दुर्घटनाबाट हुने जनधनको क्षति न्यूनिकरणका लागि राष्ट्रिय ट्रमा नीति तर्जुमा गरी लागू गर्ने पनि बताएका छन् । कम्तिमा २५ प्रकारका औषधि उत्पादन गर्न सक्ने गरी नेपाल औषधि लिमिटेडलाई सक्षम बनाउने घोषणा गरिएको छ ।

अर्थमन्त्री वाग्लेले सरकारले निःशुल्क उपलब्ध गराउने औषधि मध्ये २५ प्रकार औषधि उत्पादन गर्नसक्ने गरी लिमिटेडको क्षमता अधिवृद्धि गरिने बताएका छन् । उनले त्रिभुवन विश्वविद्यलय शिक्षण अस्पताल, चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान र पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानलाई अन्तर्राष्ट्रिस्तरको विश्वविद्यालयको रुपमा विकास गरी विदेशी विद्यार्थी समेतलाई शिक्षा प्रदान गर्न सक्षम बनाइने बताए ।

उनले सार्वजनिक-निजी साझेदारी मोडेल (पीपीपी) मोडलमा देशका सातवटै प्रदेशका अस्पतालहरुलाई चरणवद्ध शिक्षण अस्पताल तथा विशिष्टिकृत स्वास्थ्य सेवा केन्द्रको रुपमा रुपान्तरण गरिने बताए ।

बाँकी पृष्ठ-३...

# 'नेवाः फुड फेस्टिवल' सुरु

साझाकुरा संवाददाता

हेटौंडा, १५ जेठ/ हेटौंडा उपमहानगरपालिका वडा नम्बर-२ स्थित संगमचोकमा विहीबारदेखि 'नेवाः फुड फेस्टिवल तथा विविध साँस्कृतिक कार्यक्रम-२०८३' भव्यरूपमा सुरु भएको छ ।

नेवार समुदायको मौलिक कला, सँस्कृति, परम्परा तथा खानपानको संरक्षण र प्रबर्द्धन गर्ने उद्देश्यले आयोजना गरिएको फेस्टिवल जेठ १५, १६ र १७ गतेसम्म तीन दिन सञ्चालन हुनेछ ।

हेटौंडा उपमहानगरपालिका वडा नम्बर-२ कार्यालयको सहयोग तथा नेवाः फुड फेस्टिवल सञ्चालन समिति हेटौंडा-२ को आयोजनामा सुरु भएको फेस्टिवलमा स्थानीय तथा बाह्य दर्शकहरूको उल्लेखनीय सहभागिता देखिएको छ । विशेषगरी नेवारी परिकारका पारखीहरू, साँस्कृतिक प्रेमी तथा युवापुस्ताको उत्साहजनक उपस्थिति रहेको आयोजकले जनाएको छ ।

फेस्टिवलमा नेवार समुदायका परम्परागत परिकारहरू योमरी, चतामरी, बारा, छोइला, सामयबजीलगायत विभिन्न खानाका स्टलहरू राखिएका छन् । स्वादिष्ट तथा मौलिक परिकारहरूको स्वाद लिन दर्शकहरूको भीड लागेको थियो । साथै नेवारी भेषभूषा, झाँकी प्रदर्शन, परम्परागत नृत्य, गीत-संगीत तथा स्थानीय कला-संस्कृतिसम्बन्धी विविध प्रस्तुतिहरूले कार्यक्रमलाई



थप आकर्षक बनाएका छन् ।

कार्यक्रमको उद्घाटन गर्दै हेटौंडा उपमहानगरपालिकाकी नगर प्रमुख मीनाकुमारी लामाले नेवारी सँस्कृति नेपालको मौलिक पहिचान भएको उल्लेख गर्दै यसको संरक्षण आजको आवश्यकता भएको बताइन् । उनले यस्ता साँस्कृतिक कार्यक्रमले समुदायबीच सद्भाव बढाउनुका साथै पर्यटन प्रबर्द्धनमा टेवा पुग्ने धारणा व्यक्त गरिन् ।


नेवार समुदायको मौलिक सँस्कृति, परम्परा तथा खानपानलाई नयाँ पुस्तासम्म पुऱ्याउन फेस्टिबलले मद्दत गर्ने २ नं. वडा अध्यक्ष विष्णुगोपाल महर्जनले बताए । फेस्टिवलमा राष्ट्रिय तथा स्थानीय कलाकारहरूको सांगीतिक प्रस्तुति समेत रहनेछ ।

कार्यक्रमअन्तर्गत् विभिन्न परम्परागत खानाका परिकारका स्टल राखिनुका साथै अन्तिम दिन अर्थात् जेठ १७ गते 'टिपिकल सुखु भोज' विशेष आकर्षणका रूपमा आयोजना गरिने आयोजकले जनाएको छ । फेस्टिवल प्रत्येक दिन दिउँसो ३ बजेदेखि बेलुका ९ बजेसम्म सञ्चालन हुनेछ ।

फेस्टिवल सञ्चालनका लागि स्टेज निर्माण, साउण्ड सिस्टम, कलाकार पारिश्रमिक, स्टल निर्माण तथा लाइट डेकोरेशनलगायतमा करिब ९ लाख ५० हजार रुपैयाँ खर्च हुने अनुमान गरिएको छ । कूल खर्चमध्ये ४० प्रतिशत रकम हेटौंडा उपमहानगरपालिका तथा वडा नम्बर-२ कार्यालयबाट व्यवस्थापन गरिने र बाँकी रकम प्रायोजक तथा सहयोगीद्वारा जुटाइने जनाइएको छ ।

हेटौंडामा पहिलोपटक आयोजना गरिएको यसप्रकारको नेवाः फुड फेस्टिवलले नेवार समुदायको मौलिक पहिचानलाई संरक्षण गर्नुका साथै साँस्कृतिक पर्यटन प्रबर्द्धनमा समेत सकारात्मक योगदान पुऱ्याउने अपेक्षा गरिएको छ ।




यस पृष्ठमा प्रकाशित साहित्य बाहेकका सामग्रीहरु विभिन्न वेभसाइट, सामाजिक सञ्जाल तथा एजेन्सीहरुबाट साभार गरिएका हुन् ।

facebook twitter Google **विज्ञान/प्रविधि**

# गुगलले ल्यायो सबै ‘हेल्थ डाटा’ एकै ठाउँमा जोडिने प्रविधि




गुगलले मानिसहरूको दीर्घ र स्वस्थ जीवनका लागि सहयोग गर्न स्वास्थ्य प्रविधिको क्षेत्रमा नयाँ योजना घोषणा गरेको छ। कम्पनीले यसै महिना ‘गुगल हेल्थ एप’, ‘गुगल हेल्थ कोच’ र ‘फिटबिट एइर’ बजारमा ल्याएको हो । यसको मुख्य लक्ष्य प्रयोगकर्तालाई आफ्नो स्वास्थ्य सम्बन्धी डाटामाथि पूर्ण नियन्त्रण दिनु र त्यसलाई व्यवस्थित बनाउनु हो ।

**यस प्रविधिका मुख्य विशेषताहरू:**

**सबै उपकरणका डाटा एउटै ठाउँमा**

अहिले मानिसहरूले आफ्नो स्वास्थ्य ट्र्याक गर्न विभिन्न एप, स्मार्टवाच, डिजिटल स्केल वा डाक्टरका रिपोर्टहरू अलग-अलग हेर्नुपर्ने झन्झट छ । गुगल हेल्थ एपले यी सबै विवरणहरूलाई एउटै सुरक्षित स्थानमा एकीकृत गरिदिनेछ ।

प्रयोगकर्ताले दिनभर स्मार्टवाच लगाएर गरेको व्यायाम, ‘माईफिटनेसपाल’ एपमा राखेको खानाको विवरण, स्मार्ट स्केलमा जोखेको तौल र राति फिटबिट एइर लगाएर लिएको निद्राको डाटा यस एपमा जोडिनेछन् । एपले यी सबै डाटाहरूको विश्लेषण गरी स्वास्थ्यको ट्रेन्ड देखाउनेछ।

**व्यक्तिगत सल्लाह दिने “हेल्थ कोच”**

यसरी जम्मा भएको स्वास्थ्य विवरणका आधारमा ‘गुगल हेल्थ कोच’ ले प्रयोगकर्तालाई व्यक्तिगत र उपयोगी ‘रेकमन्डेशन दिनेछ । यसले प्रयोगकर्तालाई आफ्नो स्वास्थ्यको लक्ष्य पुरा गर्न मद्दत गर्नेछ ।

यो एपले ‘हेल्थ कनेक्ट’ वा ‘एप्पल हेल्थ’ सँग जोडिने जुनसुकै उपकरण वा एप्ससँग काम गर्न सक्छ । अमेरिकाका प्रयोगकर्ताहरूले यसमा आफ्नो मेडिकल रेकर्ड र ल्याब रिपोर्टहरू समेत सिंक गरेर राख्न सक्नेछन् । आगामी महिनाहरूमा यो सुविधा अन्य देशहरूमा पनि विस्तार गरिने गुगलले जनाएको छ ।

**डाटा सेयरिङ र गोपनीयतामा जोड**

गुगलले यस प्रणालीलाई खुला इकोसिस्टमको रूपमा विकास गरेको छ । प्रयोगकर्ताले आफ्नो इच्छा अनुसार जुनसुकै एप वा परिवारका सदस्यसँग आफ्नो स्वास्थ्य डाटा सेयर गर्न सक्नेछन् । भविष्यमा प्रयोगकर्ताले एप्पल हेल्थ र ‘स्मार्ट हेल्थ लिङ्क्स’ मार्फत डाक्टरहरूलाई सिधै आफ्नो मेडिकल रेकर्ड पठाउन सक्ने सुविधा पनि थपिँदै छ ।

स्वास्थ्य सम्बन्धी जानकारीहरू निकै संवेदनशील हुने भएकाले गुगलले यसमा गोपनीयताको विशेष ख्याल राखेको छ । प्रयोगकर्ताले कुन डाटा राख्ने, कसलाई देखाउने वा कतिखेर डिलिट गर्ने भन्ने कुरा आफैँ तय गर्न सक्नेछन् ।

सबैभन्दा महत्त्वपूर्ण कुरा, गुगल हेल्थ एपमा रहेका प्रयोगकर्ताका यी व्यक्तिगत स्वास्थ्य डाटाहरूलाई गुगलले आफ्नो विज्ञापन (गुगल एड) प्रयोजनका लागि प्रयोग गर्ने छैन।

# युट्युब म्युजिकको प्लेलिस्टमा थपियो ‘सर्टिङ’ फिचर, हट्यो झन्झट



युट्युब म्युजिकमा वर्षौंदेखि प्लेलिस्ट व्यवस्थित गर्न प्रयोगकर्ताले निकै झन्झट बेहोर्नुपर्थ्यो । गीतहरू तल-माथि सार्नका लागि म्यानुअल रूपमा स्क्रोल गरिरहनुपर्ने बाध्यता थियो । तर गुगलले अन्ततः यो ठूलो कमजोरीलाई सुधार्दै प्लेलिस्टका गीतहरू फिल्टर र सर्टिङ गर्ने नयाँ विकल्पहरू थपेको छ।

अब भने युट्युब म्युजिकमा गीतको शीर्षक, कलाकार र एल्बमका आधारमा प्लेलिस्टलाई अल्फाबेटिकल रूपमा मिलाउन सकिनेछ । यसअघि यसमा म्यानुअल, टप भोटेड, नयाँ र पुराना गीतहरू पहिलो देखिने जस्ता सीमित फिल्टरहरू मात्र उपलब्ध थिए।

**ढिलो गरी आएको आधारभूत सुविधा**

यो सुविधा एन्ड्रोइडको युट्युब म्युजिक भर्सन ९.२०.५२ मा पहिलो पटक देखिएको हो । यो अपडेट ‘सर्भर-साइड’ बाट भइरहेकाले सबै प्रयोगकर्ताले एकै पटक पाएका छैनन् । एप अपडेट गरेकै भरमा यो फिचर तुरुन्तै नदेखिन सक्छ । यही कारणले गर्दा कतिपय प्रयोगकर्ताको फोनमा नयाँ विकल्प देखिइसकेको छ भने कतिपय अझै पनि पुरानै झन्झटिलो तरिकाले प्लेलिस्ट चलाउन बाध्य छन् ।

स्पोटिफाइ र एप्पल म्युजिक जस्ता प्रतिस्पर्धी एपहरूमा यो सुविधा एक दशकभन्दा अघिदेखि नै उपलब्ध थियो । त्यसैले सामाजिक सञ्जालमा प्रयोगकर्ताहरूले खुसी व्यक्त गरे पनि यति सामान्य फिचर ल्याउन गुगलले यति धेरै वर्ष लगाएकोमा आश्चर्य र असन्तुष्टि समेत प्रकट गरिरहेका छन् । धेरै पुराना र ठूला प्लेलिस्ट भएका प्रयोगकर्ताका लागि भने यो नयाँ परिवर्तन निकै उपयोगी हुनेछ ।

**मूल्य वृद्धिसँगै प्रतिस्पर्धी बन्ने प्रयास**

युट्युब म्युजिकले पछिल्लो समय स्पोटिफाइसँग प्रतिस्पर्धा गर्न धेरै नयाँ सुविधाहरू थपिरहेको छ । हालै कम्पनीले प्रिमियम प्रयोगकर्ताका लागि एआईबाट चल्ने प्लेलिस्ट फिचर पनि ल्याएको छ । यस फिचरले प्रयोगकर्ताको मुड वा प्रम्प्टका आधारमा गीतका मिक्सहरू बनाइदिन्छ ।

यो नयाँ सुविधा यस्तो समयमा आएको छ, जब गुगलले अमेरिकामा आफ्नो प्रिमियम सब्सक्रिप्सनको मूल्य बढाएर प्रतिमहिना १२ डलर पुऱ्याएको छ । यसको अर्थ प्रयोगकर्ताले पहिलेभन्दा बढी पैसा तिर्नुपरे पनि वर्षौंदेखि माग गरिरहेका आवश्यक सुविधाहरू भने पाउन थालेका छन् ।

**यौन/स्वास्थ्य**

# स्वस्थ महिलामा पनि किन हुन्छ गर्भपात ?



गर्भपात महिलाको स्वास्थ्य कमजोर हुँदा वा गर्भावस्थामा लापरबाही गर्दा मात्रै हुन्छ भन्ने सोच धेरैको छ । तर नयाँ वैज्ञानिक अध्ययनले पूर्ण रूपमा स्वस्थ र फिट महिलामा पनि गर्भपात हुन सक्ने देखाएको छ ।

अनुसन्धानकर्ताहरूले यसको एउटा नयाँ कारण आमाबुबाको जिनसँग सम्बन्धित रहेको बताएका छन् । नेचरमा प्रकाशित नयाँ अध्ययनमा वैज्ञानिकहरूले करिब १ लाख ४० हजार आईभीएफ भ्रूणको आनुवंशिक तथ्याङ्क विश्लेषण गरेका थिए । अध्ययनका क्रममा धेरै भ्रुणमा क्रोमोजोमको संख्या असामान्य रहेको पाइएको छ । यस अवस्थालाई “एनेयूप्लोइडी” भनिन्छ ।

सामान्य भाषामा भन्नुपर्दा शरीरका कोषहरूमा क्रोमोजोमको संख्या बढी वा कम हुनु एनेयूप्लोइडी हो । यस्तो अवस्थामा भ्रूणको विकास सही रूपमा हुन सक्दैन र गर्भावस्था प्रारम्भिक महिनामै समाप्त हुन सक्छ । अनुसन्धानअनुसार पहिलो र दोस्रो त्रैमासिकमा हुने करिब आधा गर्भपात क्रोमोजोमसम्बन्धी गडबडीसँग सम्बन्धित हुन्छन् । यसको अर्थ भ्रूणमा सुरुदेखि नै आनुवंशिक समस्या रहेको हुन सक्छ, जसका कारण भ्रूणको विकास रोकिन्छ ।

वैज्ञानिकहरूले बढ्दो उमेरसँगै गर्भपतनको जोखिम पनि बढ्ने पुष्टि गरेका छन् । तर उनीहरूका अनुसार केवल उमेर मात्रै होइन, केही विशेष जिनहरूले पनि यसमा महत्त्वपूर्ण भूमिका खेल्छन् । अध्ययनमा एसएमसी१बी नामक विशेष जिनको पहिचान गरिएको छ । यो जिन अण्डा बन्ने क्रममा क्रोमोजोमलाई सही रूपमा जोडेर राख्ने कामसँग सम्बन्धित हुन्छ । यो जिनमा परिवर्तन भयो भने क्रोमोजोमहरू सही तरिकाले छुट्टिन सक्दैनन्, जसले भ्रूणमा समस्या उत्पन्न गर्न सक्छ र गर्भपातको जोखिम बढ्न सक्छ ।

यसका अतिरिक्त C14orf39, CCNB1IP1 र RNF212 जस्ता अन्य जिनहरू पनि यो प्रक्रियासँग सम्बन्धित रहेको अध्ययनले देखाएको छ । वैज्ञानिकहरूका अनुसार महिलामा अण्डा बन्ने प्रक्रिया उनीहरू आफ्नै आमाको गर्भमा हुँदा नै सुरु हुन्छ । त्यसपछि यो प्रक्रिया धेरै वर्षसम्म रोकिएर बस्छ र पछि डिम्बाशयबाट बाहिर निस्कने प्रक्रियाका बेला यो पुनः सक्रिय हुन्छ । यही लामो अन्तरालमा क्रोमोजोमसम्बन्धी गडबडी हुने सम्भावना बढ्न सक्छ।

यद्यपि, सबै गर्भपात केवल आनुवंशिक कारणले मात्र हुँदैनन् । बढ्दो उमेर, तनाव, अस्वस्थ जीवनशैली, धूम्रपान, प्रदूषण तथा केही स्वास्थ्य समस्याहरूले पनि गर्भपतनको जोखिम बढाउन सक्छन् । अनुसन्धानकर्ताका अनुसार यो अध्ययनले भविष्यमा राम्रो प्रजनन उपचार तथा गर्भावस्था हेरचाह प्रणाली विकास गर्न महत्त्वपूर्ण सहयोग पुर्‍याउन सक्छ ।

# साहित्य

कथा

## पल्लाघरकी ऊ

✍ डा. खलु

सहर–सहयोग, सद्भाव र संवेदना शून्य अनि मानवता लिलाम भइसकेको ठाउँ । ओल्लोघर पल्लोघरका बीच चिनजान हुँदैन । सबै आआफ्नै सुरमा व्यस्त, मस्त ! यसमा पनि नवसहर त टुप्पाबाट पलाएको नवधनाढ्यझैँ । अनेकतिरका अनेकथरी । सब एकसेएक चुपिचन्डाल... !

यस्तै खाले सहरको एउटा टोलमा एकजना डाक्टरको घर छ । उनको परिवार सानो छ । डाक्टर त्यस क्षेत्रमै निकै प्रतिष्ठित छन् । उनी निकै भद्रभलाद्मी र सहयोगी पनि छन् । छरछिमेकीहरू केही गारोसारो पर्दा उनैकहाँ आउँछन् । उनी पनि सबैलाई दिल खोलेर सहयोग गर्छन् । उनी मरौपरौमा सबकहाँ पुग्छन् । उनलाई सानादेखि ठूलासम्म सबैले अत्यन्तै आदर गर्छन् । उनकहाँ मानिसहरूको आवतजावत बाक्लै हुन्छ । राष्ट्रकै ठूलाठूला मान्छेहरू पनि त्यहाँ आइरहन्छन् । उनकहाँ भेटघाटको निश्चित समय हुन्छ । समय नलिई आउनेले उनलाई भेट्न मुस्किलै पर्छ ।

डाक्टरको घर छेउकै अर्को घरमा कन्डक्टरकी स्वास्नी बस्छे । उसको परिवार संख्या यकिन छैन । ऊ तराईतिरको आफ्नो घरपरिवार छोडेर छोराछोरी पाउन त्यहाँ एक्लै बसेकी रे ! टोलछिमेकमा यस्तै हल्ला छ । त्यस आइमाईको लोग्ने लामै रुटको कन्डक्टर छ । उसको आउनेजाने कुनै टुङ्गो छैन । ऊ कहिलेकाहीँ अचानक झुल्किन्छ र तुरुन्तै अस्ताइहाल्छ ! उसकहाँ देखिने गरी कोही आउँदैनन् । वर्षको एकदुईपटक कन्डक्टरकी स्वास्नीका बाबुआमा आउँछन् । बुढा पनि ड्राइभर भएकाले यसो बाटो पारेर एकछिन पस्छन् । धेरै समय बस्दैनन्, हिँडिहाल्छन् । कन्डक्टर उति घर नआए पनि उसकी स्वास्नी वर्ष नबिराई ब्याउन छोडेकी छैन । आधा दर्जन नघाइसकी, बिहे गऱ्या साढे तीन वर्ष भा’छैन ।

त्यस घरको मूल ढोका कहिल्यै खुल्दैन । डाक्टरका घरतिरको सानो ढोकालाई नै मूल ढोका बनाइएको छ । डाक्टरलाई नदेखेका बेला ऊ हातमा काइयो लिएर कपाल कोर्दै वरपर गरिरहन्छे । डाक्टरलाई देखेपछि त्यही ढोकाको सैरमा डेन्टिङपेन्टिङ्गा साथ बस्छे । रूपरङ्ग विनापत्ताको भएरै होला ऊ निकै नक्कलझक्कल पार्छे । दिनमा अठार पल्ट लुगा फेर्छे । कतिखेर म्याक्सी, कतिखेर मिडी त कतिखेर सर्टी अनि कतिखेर हिपप त कतिखेर निपप... ! दिदीभिनाजुका जडौरी भिरेर यो फलानो देशबाट ल्याएको विदेशी लुगा भन्दै वरपरका सबलाई सुनाउँछे । उसको लवाइ पनि पूरै पारदर्शी हुन्छ । झन् छड्के हेराइको त कुरै नगरौं !

ऊ जतिखेर पनि निहुरीनिहुरी डाक्टरको चियोचर्चो गरिरहन्छे । डाक्टर कहिलेकाहीँ बाहिरै घाममा बसेर नुहाउँछन् । त्यतिखेर त ऊ पूरै टोलाएर एकोहोरो हेरिरहन्छे ।

डाक्टरका घरमा आगन्तुक कक्ष बाहिरै छ । उनी धेरजसो आगन्तुकहरूसँग बाहिरै भेटघाट गर्छन् । उनकहाँ कोही आएको देख्नेबित्तिकै साइडको ढोकामा आएर बस्छे कन्डक्टरकी स्वास्नी । त्यहाँ कोही महिला आए भने ऊ सानो छोरालाई नाङ्गै लिएर ढोकामा बस्छे, निचोरेर दुध चुसाउँछे र तिनीहरूलाई हेर्दै बच्चाको छुचुन्द्रो खेलाउने र चुस्ने गर्छे । अनि त्यहाँ पुरुषहरू आए भने सानी छोरीलाई उही रूपमा लिएर बस्छे र तिनीहरूलाई देखाउँदै बच्चीलाई रुवाउँदै सर्वाङ्ग चुम्बन गर्छे । तिनीहरू त्यहाँबाट हिँडेपछि ऊ बच्चालाई पर हुत्याइदिएर बुरुकबुरुक उफ्रँदै घरभित्र पस्छे... ।

त्यस घरको बाथरुम पनि डाक्टरकै घरको साइडतिरै छ । त्यहाँको झ्याल विना कसरतै भित्रबाहिर सब देखिने पूरै पारदर्शी छ । डाक्टर बाहिर चौरमा बसेको देख्नेबित्तिकै ऊ हुर्रिंदै बाथरुमभित्र पस्छे । ऊ सर्वाङ्ग नाङ्गै हुन्छे अनि एक हातले डेढ बित्ते झाडी र अर्को हातले तीन पाथे टाकुरा समातेर खेलाउँदै रुँदै बुरुकबुरुक उफ्रिन्छे । यो क्रम निकै बेर चलिर हन्छ । यो दृश्य हेरिसक्नु नभएकाले डाक्टर यताउति लाग्छन् । त्यसपछि ऊ त्यहाँबाट निस्कन्छे र नोकर्नीलाई कुट्न थाल्छे । उसलाई जगल्ट्याउँदै बाथरुमभित्र लिएर जान्छे । सर्बाङ्ग नाङ्गै बनाउँछे र अलिअलि झारपात उम्रिन थालेको बाँझो धर्ती कोपरेर रक्ताम्यै बनाउँछे । नोकर्नी जोडसँग चिच्याउँछे, तर त्यसले उसलाई छुँदैन । ऊ अझ जोडतोडले सर्वाङ्ग कोपर्न थाल्छे... ।

डाक्टर र उनको परिवारलाई मात्र होइन, उनकहाँ नियमित रूपमा आउने आगन्तुकलाई समेत उसका यी सब चर्तिकला थाहा भैसक्या छ । उनीहरूलाई उसका ती क्रियाकलाप सामान्य लाग्न थालिसकेका छन् । वरपरका छिमेकीको त के कुरा उडुवा बुढो काग र डुलुवा लुते कुकुरसमेत उसका चर्तिकला मुख मिठ्याउँदै हेरिरहन्छन् । उसको यस्तो दैनिकी देख्न पाएको भए फ्रायड पनि झस्किएर नयाँ मनोविज्ञान पत्ता लगाउनतिर लाग्थे होला !

कोही नभएको मौका छोपी फोन गर्ने निहुँ पारेर ऊ बेलाबेला डाक्टरकहाँ आउँथी र अनेक नखरा पार्थी । डाक्टर वास्ता गर्दैनथे । ऊ फनफनिँदै हिँड्थी । केही दिन यतादेखि ऊ बाथरुमभित्र पस्नासाथ डाक्टरका घरतिरको झ्यालै खोलेर चलाइखेलाइ गर्न थालेकी छ । त्यो दृश्य झनै हेरिसक्नु छैन । अति भएपछि एक दिन उसलाई सम्झाइबुझाइ गर्न डाक्टर्नी गइन् । “मेरा घरमा म जेसुकै गरौं त, तिमीहरूलाई के चासो... के तँलाई मात्र पोइ चाहिन्छ मलाई चाहिँदैनँ... आदि तथानाम गाली खाएर डाक्टर्नी फर्किन् ।

खासमा त्यो घर उसको नभएर एकजना इन्जिनियरको हो । साली पर्नेलाई घरमा राखेर इन्जिनियरको परिवार विदेश भासिएको छ । ऊ त खाली घर रुङ्न राखिएकी मात्र हो । त्यसभन्दा अगि ऊ अर्कै टोलमा डेरा गरेर बस्थी । अहिले ऊ त्यस घरलाई आफ्नै पोइको घरभन्दा पनि बढ्ता ठान्छे ।

अचेल उसको चर्तिकला अझ बढ्दोछ । हुँदाहुँदा यतिखेर ऊ ढोकामा उभिएर फेसनसो नै गर्न थालेकी छ । हेरेर हेरिसक्नु छैन, भनेर भनिसक्नु छैन । एकदिन ऊ डाक्टरकहाँ आएर बिरामी भएँ भन्दै सबका अगाडि उनलाई अँगालो हालेर मुसार्न थाली । त्यहाँ भएका सब तीन छक्क परे । डाक्टर केही नभनी जुरुक्क उठेर घरभित्र पसे ।

एकदिनको कुरा हो, ऊ बिरामी भई भनेर नोकर्नी डाक्टरलाई बोलाउन आई । छिमेकीका नाताले डाक्टर पनि उसलाई हेर्न गए । ऊ फेरि पुन्टुस्स परि सकेकी रहिछ ।

“लोग्ने नभएका बेला यो कसरी भयो” भनी डाक्टरले सोधे ।

ऊ जङ्गिँदै बर्बराउन थाली– “यहाँ जन्माउन लोग्ने नै चाहिन्छ भन्ने के छ र ? लोग्नेमान्छे भए पुगिहाल्छ नि ! यस टोलमा त्यस्ता मुला लोग्नेमान्छे कति छन् कति ? अरू कोही नभए साइकलमा तरकारी ल्याउने कल्लु त छँदैछ नि । ऊ दिनदिनै आउँछ, भनेको पनि मान्छ । तपाईंको आस गरेर अनेक थोक गरें, इसारा गरें, नाङ्गै देखाइदिएँ, गर्नुनगर्नु सबथोक गरें, गर्न केही बाँकी राखिन, तर तपाईंले वास्तै गर्नु भएन । आफ्नो लोग्ने सधैं बाहिरको बाहिरै । खै के गर्नु यस उमेरमा भन्टाले मात्र काम चल्दो रहेनछ । शेरुलाई सुँघाएर पनि पुग्दो रहेनछ, कतिपटक अड्किएर जात्रा...सिनालाई तान्दैको हैरानी... । हैन, जतिखेर नि लोग्नेमान्छेकै चाहिने मलाई मात्र हुन्छ कि अरूलाई पनि... ? खपिनसक्नु भएर लोग्नेमान्छे नै खोजेपछि यस्तो त भकोभयै । के गर्नु यस्तो बेला पनि त्यो नभई हुँदैहुँदैन । तपाईंसँग सारै रहर छ । लौ न डाक्टरसाब एकपटक मात्र प्लिज... ।”


“मबाट यस्तो गलत काम हुँदैन” भन्दै डाक्टर त्यहाँबाट हतारहतार बाहिरिए । ऊ त लौ न नि डाक्टरले मलाई... भन्दै झारपात र फलफूलसहितै बाहिर निस्केर चिच्याउन पो थाली ! वरपरका टोलछिमेकीहरू लाज मानीमानी त्यो दृश्य हेरिरहेका थिए... । उसको चर्तिकला तिनीहरूलाई राम्रै थाहा भएकाले कसैले पनि कुनै प्रतिक्रिया व्यक्त गरेनन् ।

कन्डक्टरलाई आफ्नी स्वास्नीको यतिबिघ्न चर्तिकला थाहा छ छैन उही जानोस् । कसैले बताउने अवस्थै छैन । बताइसक्नु भए पो बताउनु ! ऊ कहिलेकाहीँ आएका बेला टोलछिमेकमा झन् बसिसक्नु हुँदैन । लुछालुछ... मारामार... । भाँडाचिन्डाको नास... ! ...लाईभन्दा देख्नेलाई लाज, टोलछिमेक सब मौन । हेरेर हेरिसक्नु वा सुनेर सुनिसक्नु भए पो कुरा गर्नु ! सब तैं चुप मैं चुप... ।

कन्डक्टर नआएको पनि धेरै भइसकेको थियो । यसपटक चिन्डाचिन्डीसहित गोठै लिएर भित्रियो । उसले पनि लामो दुरीको बस चलाउने बाटामा अनेकबाट अनेक जन्माइसकेछ । यता स्वास्नी जन्माउने उता लोग्ने जन्माउने ! दुवैतिरका मिलाउँदा एक बटालियन नै पुग्लाजस्तो ! स्वास्नी र लोग्ने दुवैतिरका हुर्किएपछि एउटा छुट्टै लिग नै बनाएर सबलाई कुदाउने हुन् कि भन्ने पिरले छिमेकीहरू त्रस्त ... !

कविता

## आरोह–अवरोह



✍ शरद निरोला

महत्वाकांक्षाको चरम सीमा छुनु थियो, छोएँ
त्यहाँबाट अझ माथि फड्को हान्न
प्रस्तरको कुनै सोपान थिएन
त्यसैले
इच्छाको वशीभूत
मस्तिष्कका द्वन्द्वग्रस्त भावनाहरू कुल्चिँदै
म धरातलोन्मुख हुँदै गएँ

अत्यन्तै तीब्र गतिको त्यस स्खलन प्रकरणमा
धमिरा लागेका स्मृतिका पानाहरु
फरर फर्फराउँदै गए
प्रत्येक पानाभित्रका रुग्ण इतिहास
खोतलिँदै गए
म शून्य छु, निराकार छु भन्ने आत्मबोध
त थियो नै
अझ बढी अन्तरिक्षभित्र
एकाकार भएको पत्तै भएन

अब त्यही चुचुरो फेरि पर्गेल्ने कुनै
उत्कण्ठा छैन
किनभने त्यहाँबाट माथि उक्लने ठाउँ नै छैन
जति उपलब्धि हुनु थियो भइसकेको थियो
चुचुरोमाथिको निराकार ब्रम्हाण्ड
झन् झन् अभेद्य हुँदै थियो
स्खलन नै आरोहणको पराकाष्ठा हुँदो हो भने
स्खलन त पहिले नै शुरू भइसकेको थियो ।

## अधुरो मिलन

✍ गोविन्द सुबेदी

धेरैपछि तिमीले हालखबर भए नि सोध्यौ,
के भन्नू आफ्नो भन्न नपाएको मान्छेसँग ।
शब्दहरू ओठमै आएर रोकिन्छन्,
मनका भेलहरू
आफैंभित्रै डुबेर हराउँछन् ।

कति पटक सोचेको थिएँ–
यदि तिमीले सोध्यौ भने, सबै भन्छु,
मनको कुना-कुनामा थन्किएका
ती अधुरा भावनाहरू खोल्छु ।
तर जब तिमी आयौ,
शब्दहरू किन यति पराइ भए ?

सायद समयले
हामीबीच दूरी मात्र होइन,
भावनाको भाषा नै फेरिदियो ।
जहाँ पहिले, नजरले कुरा बुझ्थ्यो,
आज त्यही नजर
अपरिचित झैं टोलाउँछ ।

तिमीले सोध्यौ– ‘कस्तो छौ ?’
र म मुस्कुराएँ,
त्यो मुस्कानमा, कति आँसु लुकेको थियो,
तिमीले देखेनौ, शायद देख्न चाहेनौ ।

के भन्थें र ?
ती रातहरूको कथा
जहाँ निद्रा आउँदैनथ्यो,
तिमी सम्झिँदा, समय रोकिन्थ्यो,
र मनले हजारौं प्रश्न सोध्थ्यो–
“किन टाढा भयौ ?“

तिमीलाई थाहा थिएन,
म भित्र कति पटक
तिमीलाई बोलाएको थिएँ,
तर आवाज
हावामा हराउँदै गयो,
र म आफैंभित्र
कैदी बन्दै गएँ ।

धेरैपछि आएको तिमी,
अब अपरिचितजस्तो लाग्छौ,
जससँग म, आफ्नो मन खोल्न सक्दिनँ ।
किनकि अब, त्यो सम्बन्धको परिभाषा
बदलिएको छ ।

पहिले तिमी मेरो थियौ,
आज तिमी केवल
एक सम्झना हौ,
सुन्दर तर टाढा,
नजिक आउन नसकिने ।

के भन्नू तिमीलाई ?
त्यो प्रेमको कथा, जुन अधुरै रह्यो,
त्यो विश्वास, जुन समयले चोर्यो,
र त्यो आशा, जुन बिस्तारै मरेको थियो ।

तिमीले हालखबर सोध्यौ,
तर मसँग, हालखबरभन्दा बढी
घाउहरू छन्,
जसलाई शब्दमा उतार्न
अब मसँग शक्ति छैन ।

त्यसैले म चुप लागें,
मुस्कुराएँ फेरि,
र भित्रैबाट भनें–
‘म ठिकै छु,’ तर त्यो ‘ठिकै’
मेरो सबैभन्दा ठूलो झुट थियो ।

धेरैपछि तिमीले सोध्यौ,
तर अब, भन्ने समय बितिसकेको छ,
भावनाहरू, पुराना किताबजस्तै बन्द छन्,
र म–
अब त्यो मान्छे होइन
जसले तिमीलाई
सबै कुरा भन्न सक्थ्यो ।

# नवोदयमा 'नमूना संयुक्त राष्ट्रसंघीय महासभा' सुरु



साझाकुरा संवाददाता

हेटौंडा, १५ जेठ/ हेटौंडा-४ स्थित नवोदय शिशु सदन अंग्रेजी माध्यमिक विद्यालयको आयोजना तथा विद्यार्थीको सक्रियतामा नमूना संयुक्त राष्ट्रसंघीय महासभा 'नवोदय मुन-२०८३' पाँचौं संस्करण शुक्रबारदेखि सुरु भएको छ । शुक्रबार एक समारोहबीच नमूना महासभा (नवोदय मुन) को उद्घाटन भएको छ ।

नमूना महासभाका महासचिव वृष्टि जयसवालको अध्यक्षतामा भएको कार्यक्रममा हेटौँडा स्कूल अफ म्यानेजमेन्टका प्रिन्सिपल तथा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष पुरनबहादुर जोशीले वर्तमान समय स्टार्टअप र कृत्रिम बुद्धिमत्ता (एआई) को युग भएकाले विद्यार्थीलाई नवप्रवर्तन र नेतृत्वतर्फ अग्रसर गराउन विद्यालय तथा क्याम्पसबीच सहकार्य गर्दै लगानी गरिएको बताए ।

उनले केवल परीक्षामा उत्कृष्ट अंक वा ४ जीपीए ल्याउनुमात्र पर्याप्त नभई विद्यार्थीमा नेतृत्व क्षमता, सार्वजनिक बोलाइ कला र अन्तर्राष्ट्रिय विषयप्रति समझ पनि आवश्यक रहेको उल्लेख गरे । 'आजको समाजमा शैक्षिक उपलब्धिसँगै अतिरिक्त क्रियाकलाप र व्यवहारिक शिक्षाको पनि उत्तिकै आवश्यकता छ', उनले भने ।

उद्घाटन कार्यक्रममा नमूना महासभा राष्ट्रसंघ मातहतका विभिन्न समितिले महासभामा प्रस्तुत गरिने मुद्दाका बारेमा जानकारी गराए । कार्यक्रममा नमूना महासभा राष्ट्रसंघ मातहतका विभिन्न समितिले महासभामा प्रस्तुत गरिने मुद्दाका बारेमा जानकारी गराएका थिए । कार्यक्रममा विश्व स्वास्थ्य संगठन, संयुक्त राष्ट्र सुरक्षा परिषद्, आर्थिक र वित्तिय मामिला परिषद्, खाद्य र कृषि संगठन, अन्तर्राष्ट्रिय श्रम संगठन, संयुक्त राष्ट्र पर्यावरण, नेपालको प्रतिनिधिसभाको बैठकका विषयमा पनि विद्यार्थीले अभ्यास गर्नेछन् ।

तीन दिने कार्यक्रम अन्तर्गत् दोस्रो दिन साँझ 'सोसल नाइट' पनि आयोजना गरिनेछ । उक्त कार्यक्रममा नृत्य, डिनर तथा अन्य मनोरञ्जनात्मक गतिविधि समावेश गरिने जनाइएको छ । कार्यक्रममा मकवानपुर बाल विद्यासदन, ज्ञानोदय बालबाटिका आवासीय मावि, जेम्स स्कुल, गौरीशिखर, जनप्रिय तथा कमाने एकेडेमीलगायत विभिन्न विद्यालयको सहभागिता छ ।

उद्घाटन कार्यक्रममा नवोदय इनोभेसन सेन्टरका निर्देशक अव्यक्त खनाल, सर्लाही एमबिसन एकेडेमीका प्रधानाध्यापक सुरेश लामा, इरिस इङ्लिस एकेडेमी चितवनका सहायक प्रधानाध्यापक कृष्णप्रसाद तिवारीलगायतको आतिथ्य थियो ।

## नेपालको आगामी बजेट....

अर्थमन्त्री वाग्लेले कर्मचारी सञ्चय कोष, नागरिक लगानी कोष र सामाजिक सुरक्षा कोषमा रहेको लगानीयोग्य स्रोतलाई स्वास्थ्य पूर्वाधार, मेडिकल शिक्षा र विशिष्टिकृत सेवा बिस्तारमा परिचालन गरिने बताए । सरकारले लगानी प्रक्रिया छिटो, पारदर्शी र झन्झटमुक्त बनाउन लगानी एक्सप्रेस अवधारणा कार्यान्वयन गर्ने घोषणा गरेको छ ।

अर्थमन्त्री वाग्लले आगामी तीन महिनाभित्र स्वचालित रुट प्रणाली लागू गर्दै कम्पनी तथा उद्योग दर्तादेखि कर प्रणाली, वित्तीय सेवा र भिसा आवेदनसम्मका सेवा एउटै डिजिटल संयन्त्रमा आवद्ध गरिने बताएका छन् । लगानीकर्ताले सूचना प्राप्ति, अनुपालना प्रतिवेदन तथा जोखिममा आधारित निरीक्षण सेवा एउटै प्रणालीमार्फत् पाउने व्यवस्था गरिने उनले बताए ।

सरकारले लगानी बोर्डबाट स्वीकृत भएका परियोजनाले पुन: अन्य सरकारी निकायबाट छुट्टै स्वीकृति लिन नपर्ने कानुनी व्यवस्था गर्ने पनि घोषणा गरेको छ । त्यस्तै, स्वीकृत परियोजनासँग सम्बन्धित अध्ययन तथा अनुसन्धानका लागि लगानी भिसा उपलब्ध गराउने उनले बताए ।

शेयर हस्तान्तरण, कर चुक्ता, सम्पत्ति मूल्याङ्कन, ऋण भुक्तानी, लाभांश वितरण तथा लिक्विडेशन प्रक्रियालाई समेत सरल बनाइने सरकारको योजना छ । सरकारले यी सुधारमार्फत् विदेशी तथा स्वदेशी लगानी आकर्षित गर्दै लगानी र मुनाफा फिर्ता प्रक्रियालाई सहज बनाउने लक्ष्य लिएको छ ।

# वातावरण दिवसमा साताव्यापी कार्यक्रम हुने

साझाकुरा संवाददाता

हेटौंडा, १५ जेठ/५४ औ विश्व वातावरण दिवसको अवसरमा हेटौंडामा सप्ताहव्यापी कार्यक्रमको आयोजना गरिने भएको छ ।

टोल विकास संस्था नगर समन्वय समितिले विगतका वर्षहरु झैं यसवर्ष पनि सप्ताहव्यापी कार्यक्रम गरी वातावरण दिवस मनाउन लागेको हो । शुक्रबार पत्रकार सम्मेलन गरी समितिका अध्यक्ष ध्रुव अधिकारीले यही जेठ १६ गतेदेखि २२ गतेसम्म कार्यक्रम गर्न लागिएको जानकारी दिएका छन् ।

सप्ताहव्यापी कार्यक्रम अन्तर्गत् जेठ १६ र १७ गते विशेष सरसफाई अभियान सञ्चालन हुनेछ भने १७ गते नै भान्छा नै औषधालय सचेतना कार्यक्रम सञ्चालन हुने अध्यक्ष अधिकारीले बताउनुभयो । त्यसैगरी १८ गते फोहोर खोज चुनौती कार्यक्रम हुनेछ ।

उनका अनुसार १९ गते हेटौंडा-१ मा वृक्षरोपण कार्यक्रम र हेटौंडा ७ मा प्लाष्टिकमुक्त सचेतना कार्यक्रम हुनेछ । यसैगरी, जेठ २० गते बोत्तल देउ, बिरुवा लिउ कार्यक्रम र प्रकृति सम्बाद यात्रा २०८३, जेठ २१ गते जलवायु परिवर्तनसम्बन्धी सचेतनामूलक कार्यक्रम र खेर गएका वस्तुहरुबाट उत्पादित सामग्रीहरुको प्रतिस्पर्धा कार्यक्रम हुने अध्यक्ष अधिकारीले जानकारी दिए ।

सप्ताहव्यापी कार्यक्रमको अन्तिम दिन जेठ २२ गते वातावरण सचेतनासम्बन्धी र्‍यालीसहित समापन तथा पुरस्कार वितरण कार्यक्रम हुनेछ । यसवर्षको विश्व वातावरण दिवसको मुख्य नारा 'प्रकृतिको प्रेरणा, जलवायुको संरक्षण, भविष्यको सुनिश्चितता' रहेको छ ।

# नगरस्तरीय शैक्षिक समन्वय समितिको भेला सम्पन्न



साझाकुरा संवाददाता

हेटौंडा, १५ जेठ/ हेटौंडा नगरस्तरीय शैक्षिक समन्वय समितिको शिक्षक भेला शुक्रबार सम्पन्न भएको छ ।

हेटौंडा उपमहानगरपालिकाकी प्रमुख मिनाकुमारी लामाको प्रमुख आतिथ्यता तथा समितिका अध्यक्ष भोगेन्द्र लुइटेलको सभाध्यक्षतामा भेला भएको हो । कार्यक्रममा नगर क्षेत्रभित्र सेवानिवृत्त भएका ४९ जना प्राथमिक तथा माध्यमिक तहका शिक्षकहरुलाई सम्मान गरिएको छ । यस्तै कार्यक्रममा माध्यमिक शिक्षा परीक्षा (एसईई)मा उत्कृष्ट हुने सामुदायिक तथा संस्थागत तीन-तीन विद्यालयहरुलाई सम्मान गरिएको छ । यस्तै सोही परीक्षामा ४ जीपीए प्राप्त गर्ने ७ विद्यालयहरुलाई सम्मान गरिएको थियो । कार्यक्रममा समितिका पूर्व अध्यक्षहरुलाई सम्मान गरिएको थियो ।

कार्यक्रमका सहभागीहरुले नगर क्षेत्रभित्रका सबै विद्यालयहरुको कक्षा १ देखि १० सम्मका परीक्षाहरुमा एकरुपता ल्याउने उद्देश्यले समितिको गठन भएको बताउदै समितिले नगर क्षेत्रका बिद्यालयहरुको शैक्षिक क्रियाकलापहरुमा पनि एकरुपता ल्याउनुपर्नेमा जोड दिएका छन् । समितिबाट हेटौंडा नगर क्षेत्रबाहिरका जिल्लाका अन्य स्थानीय तहहरु बकैया, मकवानपुरगढी, भीमफेदी, मनहरी, राक्सिराङ र कैलाश गाँउपालिकाहरुले पनि समितिद्वारा निर्मित प्रश्नपत्रहरु प्रयोग समावेश गर्ने गरेको जानकारी दिएका छन् । प्रश्नपत्रहरु त्रुटि रहित बनाउनुपर्नेमा सहभागीहरुले जोड दिएका छन् ।

कार्यक्रममा हेटौंडा उपमहानगरपालिका वडा नं ४ का वडा अध्यक्ष नविन सिग्देल, वडा नं ११ की अध्यक्ष जुना दाहाल, नेपाल राष्ट्रिय शिक्षक संगठन मकवानपुरका मुकुन्द न्यौपाने, नेपाल शिक्षक संघ मकवानपुरका श्रीराम लुइँटेल, प्रगतिशिल नेपाल राष्ट्रिय शिक्षक संगठन मकवानुरका अध्यक्ष कुमार रुम्बा, निवृत्त शिक्षक समाज मकवानपुरका सचिव पिताम्बर बास्तोला, प्याब्सन मकवानपुरका अध्यक्ष बिनोद सुवेदी, हेटौंडा उपमहानगरपालिका शिक्षा बिकास महाशाखाका निमित्त प्रमुख हरिचन्द्र सापकोटालगायतले मन्तव्य व्यक्त गरेका थिए । भेलाले नयाँ समिति चयनका लागि भने अनिश्चितकालका लागि सोही कार्यसमितिलाई नै काम चलाउ समितिको रुपमा राख्ने निर्णय गरेको छ ।

बजेट २०८३/८४:

# स्रोत दबाबले विकास बजेट स्थिर, साधारण खर्च र ऋण भुक्तानी चाप

काठमाडौं/ कुल बजेटमा पूँजीगत खर्चको हिस्सा घटाउँदै सरकारले आगामी आर्थिक वर्ष २०८३/८४ को बजेट सार्वजनिक गरेको छ । अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले संघीय संसद्को संयुक्त बैठकमा प्रस्तुत गरेको बजेटको आकार २१ खर्ब २४ अर्ब ३४ करोड रुपैयाँ रहेको छ ।


सरकारले चालु आव २०८२/८३ को संशोधित अनुमानको तुलनामा २५.२ प्रतिशतले आकार बढाएर बजेट ल्याएको छ । तर, आकार त्यसरी तन्काउँदा पनि पूँजीगत बजेटको हिस्सा भने बढ्न सकेन । आगामी आव पूँजीगत खर्चका लागि कुल बजेटको २०.३ प्रतिशत अर्थात् ४ खर्ब ३१ अर्ब १० करोड रुपैयाँ विनियोजन गरिएको छ ।

चालु आवको बजेटमा पूँजीगत बजेटको हिस्सा २०.८ प्रतिशत थियो । सरकारले बजेटमा आकर्षक सुधारका कार्यक्रम समेटेको छ । तर, त्यसले पनि बजेटको संरचनागत समस्या भने यस पटक पनि सुधार नहुने स्पष्ट देखिएको छ ।

किनकि, सरकारले आफ्नो कुल स्रोतको ७९.७ प्रतिशत बजेट साधारण प्रकृतिको खर्च र ऋण भुक्तानीमा खर्च गनुपर्ने भएको छ । सोहीकारण विज्ञ अर्थमन्त्रीले ल्याएको बजेटको आकारलाई लिएर विज्ञ र जानकारहरू सन्तुष्ट छैनन् ।

अर्थविद् प्रा. डा. रेशम थापा ठूलो मात्रामा आन्तरिक ऋण लिएर बजेटको आकार बढाउने प्रवृत्ति दीर्घकालीन रूपमा सही नहुने टिप्पणी गर्छन् । विज्ञहरूका अनुसार राज्यको खर्च सामान्यतया अनुत्पादक हुन्छ । त्यसमाथि निजी क्षेत्रले परिचालन गर्ने रकमलाई आन्तरिक ऋणका रूपमा सरकारले खिच्दा त्यसले अर्थतन्त्रलाई फाइदा भने गर्दैन ।

अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले आगामी वर्ष १२ खर्ब ७० अर्ब रुपैयाँ बराबर चालु खर्च हुने अनुमान गरेका छन् । जुन चालु आवको तुलनामा ९० अर्ब धेरै हो । यस वर्ष कुल बजेटको ५९.८ प्रतिशत बजेट सरकारले चालु प्रकृतिको बजेटमा विनियोजन गरेको छ ।




यस वर्ष सरकारले कर्मचारीको पारिश्रमिक वृद्धि गरेको छ । केही सामाजिक भत्ता दोब्बर गरेको सरकारले सामाजिक सुरक्षाको बढ्दो खर्च कटौतीमा भने कैंची चलाउने आँट गरेन ।

पूर्वअर्थमन्त्री डा. प्रकाशरण महत राजस्व लक्ष्य र वैदेशिक ऋण प्राप्तिको लक्ष्य व्यावहारिक नभएको बताउँछन् । कर्मचारीको तलब वृद्धि र क्षेत्रगत सुधारका प्रयास सकारात्मक भए पनि खर्च गर्ने क्षमता र स्रोत व्यवस्थापनमा ठूलो चुनौती रहेको उनको प्रतिक्रिया छ ।

यस पटक सरकारले ६ खर्बमाथिको घाटा बजेट ल्याएको छ । आकर्षक कार्यक्रम र नाराले त्यस्तो चुनौती छायामा पारे पनि कार्यान्वयनमा समस्या देखिने उनको भनाइ छ । उनी भन्छन्, 'राजस्व जुटाउन पनि गाह्रो हुन्छ र खर्च गर्ने क्षमता पनि जतिसुकै हामी सुधार गर्छौं, अब हामी दुई तिहाइको सरकार हो, हामी सक्छौं भने पनि त्यो सम्भव छैन ।'

सरकारले आगामी आव २१ खर्ब २४ अर्बको बजेटका लागि राजस्वबाट १४ खर्ब ५ अर्बमात्र स्रोत जुट्ने अनुमान गरेको छ । वैदेशिक अनुदान ६१ अर्ब ७४ करोड अनुमान गरिएको छ । चालु आव सरकारले ५३ अर्ब ४५ करोड वैदेशिक अनुदान अनुमान गरेको थियो ।

सोही अनुमानलाई अर्थमन्त्री स्वयंले असम्भव भन्दै आलोचना गरेका थिए । आगामी वर्ष सरकारले आन्तरिक ऋण ४ खर्ब १० अर्ब र वाह्य ऋण २ खर्ब ४७ अर्ब परिचालन लक्ष्य राखेको छ । राष्ट्रिय योजना आयोगले आगामी आव २०८३/८४ का लागि १८ खर्ब ९० अर्ब रुपैयाँ बराबर सीमा तोकेको थियो । अर्थविद् तथा राष्ट्रिय योजना आयोगका निवर्तमान उपाध्यक्ष डा. प्रकाश श्रेष्ठ बजेट यथार्थ बनाउनुपर्छ र कार्यान्वयनयोग्य बनाउनुपर्छ भन्ने मान्यता सहित सीमा दिइएको बताउँछन् ।

तर नयाँ सरकार, नयाँ म्यान्डेट र नयाँ वाचापत्र सहित आएको सरकारले आकार बढाएर ल्याएको उनी बताउँछन् । यो बजेट खर्च गर्न सक्ने हो भने असम्भव भने नहुने उनको विश्लेषण छ ।

उनी भन्छन्, 'हिजो जस्तै बजेट ल्याउने बेला विस्तारकारी ल्याउने र कार्यान्वयन गर्न नसकेर मध्यावधि मूल्यांकन गर्दा १८ खर्बमै झार्ने स्थिति नआओस ।'

### सुधार प्रयासले आशावादी बजेट

सरकारले यस पटक सुधारलाई प्राथमिकता दिएको छ । पूर्वअर्थमन्त्री रामेश्वर खनाल बजेटमा टिप्पणी गर्दै एक वाक्यमा लेख्छन्, 'बजेटमा सुधारका कार्यक्रम मुख्य विशेषताका रूपमा देखिएका छन् ।'

उनले भने जस्तै अर्थमन्त्री वाग्लेले यसपालि सुधारका योजनामा बढी मिहिनेत गरेका छन् । मध्यम वर्ग विस्तार गर्ने वाचा गरेको राष्ट्रिय स्वतन्त्र पार्टीको सरकारले आयकरको तल्लो सीमा हटाएर बहुसंख्यक व्यक्तिलाई लाभ दिने प्रयास गरेको छ । कर्मचारीको पारिश्रमिक वृद्धिलाई समेत विज्ञहरू सकारात्मक कदम मान्छन् ।

सरकारले औद्योगिक कच्चापदार्थको भन्सार महसुल तयारी मालवस्तु भन्दा कम्तीमा एक तह हुने गरी भन्सार दर घटाएको छ । यसले २ सय ७३ वस्तुको भन्सार दर घट्ने छ । ३ सय ६० वस्तुमा लाग्ने गरेको अन्त:शुल्क खारेज गरिएको छ ।

सरकारले भन्सार बिन्दुमा संकलन हुने विभिन्न नामका करलाई एकीकृत गरी हरित करमा समाहित गरेको छ । पूँजीगत लाभकर अन्तिम हुने व्यवस्था गरिएको छ । मूल्य अभिवृद्धि कर फिर्ता गर्ने प्रणाली स्वचालित बनाउने घोषणा सरकारले गरेको छ ।

कर परिपालनलाई दण्ड नभई विकासको सहयात्री बनाउने घोषणा गर्दै अर्थमन्त्रीले कानुनी अस्पष्टता र करदाताको अज्ञानताका कारण लामो समयदेखि सिर्जित कर विवादलाई निरुपण गरी व्यावसायिक वातावरण बनाउने बताएका छन् ।

बोझिलो संगठन संरचना खारेज गरी चुस्त बनाउने घोषणा गरिएको छ । यसबीच ३१ निकाय खारेज गरिने भएको छ । ६ मर्जर, ६ हस्तान्तरण र १८ निकायको पुनर्संरचना गरिने घोषणा बजेटमा गरिएको छ ।

सरकारले लागत न्यूनीकरण र दक्षता अभिवृद्धिमा संस्थागत सुधार गर्ने भनेको छ । लगानी प्रवर्द्धन, आर्थिक सुधार, सहज सेवा प्रवाहको समुचित नीतिगत कानुनी प्रबन्ध गर्ने भन्दै अर्थमन्त्रीले विभिन्न कानुन सुधारको घोषणा गरेका छन् । कार्यगत सुधारमा सुधार गरी पूँजीगत खर्चको गति र लय फेर्ने उनको प्रतिबद्धता छ ।

उद्यमी अम्बिकाप्रसाद पौडेल विनियोजन भएको पूँजीगत खर्च पूरै खर्च हुने व्यवस्थामा अर्थमन्त्रीले पहल गर्नुपर्ने बताउँछन् । विगतमा समेत बजेट सुनेर धेरै पटक खुसी भएको प्रसङ्ग उल्लेख गर्दै पौडेलले लेखेका छन्, 'अहिले त्योभन्दा बढी मनैबाट खुसी छु तर, मात्र एउटा चाहना अर्थमन्त्रीज्यूले पूँजीगत खर्च पूरै हुने व्यवस्थामा पहल गरिदिनुहोला, कर कानुन कार्यान्वयन गर्दा कहीं कतै दोहोरो अर्थ लाग्ने अनि दुबिधा भएका सबै विषयको निराकरण गरी विगतमा अर्थको कुल बेरुजुमा ७० प्रतिशत घटाएर हजुरको पालामा ७ प्रतिशत कायम गर्नुहोला ।'

पूर्वअर्थराज्यमन्त्री उदय शमशेर राणाले ६ खर्ब ५७ अर्ब ऋण थपेर ल्याइएको बजेटमा ४ खर्ब ३१ अर्बमात्र पूँजीगत खर्च छुट्याइएको भन्दै प्रतिक्रिया दिएका छन् । सार्वजनिक ऋण २२.४१ प्रतिशतले बढाइएको भन्दै उनी उत्पादन, रोजगारी र व्यापार घाटा घटाउने विषयमा बजेट असाध्यै कमजोर रहेको बताउँछन् ।

२२ प्रतिशत ठूलो आकारको बजेट सुन्नमा महत्त्वाकांक्षी रहेको र कार्यान्वयन क्षमताको धरातल हेर्दा धेरै प्रश्न उठ्ने उनको प्रतिक्रिया छ ।

*(स्रोत: अनलाइनखबर)*

# दुई पत्रकार, एक कलाकार सम्मानित

साझाकुरा संवाददाता

हेटौंडा, १५ जेठ/ राष्ट्रिय चलचित्र पत्रकारिता दिवस-२०८३ को अवसरमा चलचित्र पत्रकार संघ नेपाल, मकवानपुर शाखाले चलचित्र पत्रकारिता तथा कला क्षेत्रमा योगदान पुर्‍याउने विभिन्न व्यक्तित्वलाई सम्मान तथा पुरस्कार प्रदान गरेको छ ।




संघका केन्द्रीय उपाध्यक्ष दीपज्योति थापाको प्रमुख आतिथ्यतामा आयोजित कार्यक्रममा चलचित्र क्षेत्रसँग सम्बन्धित पत्रकार तथा कलाकारहरूलाई सम्मान गरिएको हो । कार्यक्रममा संघद्वारा प्रदान गरिँदै आएको 'धनमान श्रेष्ठ स्मृति चलचित्र कलाकार सम्मान-२०८३' कलाकार विष्णुप्रसाद सापकोटालाई प्रदान गरिएको छ । त्यसैगरी, 'नन्दबहादुर महर्जन स्मृति राष्ट्रिय चलचित्र पत्रकारिता पुरस्कार-२०८३' चलचित्र पत्रकार कृष्ण भट्टराईलाई प्रदान गरिएको छ ।

यस्तै, 'चलचित्र पत्रकारिता पुरस्कार-२०८३' कान्तिपुरका संवाददाता सुवास बिडारीलाई प्रदान गरिएको संघले जनाएको छ । चलचित्र पत्रकारिता तथा कला क्षेत्रमा पुर्‍याएको योगदानको कदर गर्दै पुरस्कार तथा सम्मान प्रदान गरिएको हो ।

संघका अध्यक्ष कपिल खड्काको अध्यक्षतामा सम्पन्न कार्यक्रममा चलचित्र संघका अध्यक्ष नरेन्द्र महर्जन, नेपाल पत्रकार महासंघ बागमती प्रदेश अध्यक्ष कृष्ण सारुमगर, संस्थापक अध्यक्ष प्रताप विष्ट, महासंघ मकवानपुर अध्यक्ष बालकृष्ण अधिकारी, प्रेस सेन्टर बागमती प्रदेश अध्यक्ष ध्रुव अधिकारी, फोनिज बागमती प्रदेश अध्यक्ष युवराज श्रेष्ठ, प्रेस चौतारी मकवानपुर अध्यक्ष सरिता दाहाल लगायत सञ्चारकर्मी तथा चलचित्रकर्मीहरूको उपस्थिति थियो ।

चलचित्र पत्रकार संघले राष्ट्रिय चलचित्र पत्रकारिता दिवस जेठ ७ गते मनाउने गरेतापनि मोफसलका शाखाहरुले भने आ-आफ्नो अनुकुलतामा दिवस मनाउने गर्दछ ।

# 'तुछिमला भैल प्याखँ' प्रदर्शन

साझाकुरा संवाददाता

हेटौंडा, १५ जेठ/ नेपाली मौलिक कला, सँस्कृति तथा परम्पराको संरक्षण गर्ने उद्देश्यले हेटौंडामा करिब ६ सय वर्ष पुरानो ऐतिहासिक तथा साँस्कृतिक 'तुछिमला भैल प्याखँ' प्रदर्शन गरिएको छ ।



नेप इभेन्ट्स इन्टरटेनमेन्टको आयोजनामा पहिलोपटक हेटौंडामा नेवार समुदायको ऐतिहासिक तथा साँस्कृतिक 'तुछिमला भैल प्याखँ' प्रस्तुत गरिएको हो । 'हेरिटेजको प्रतिध्वनि' नारासहित आयोजित कार्यक्रममा प्रदेशसभा सदस्य एकालाल श्रेष्ठ प्रमुख अतिथिका रूपमा सहभागी भएका थिए ।

आयोजकका अनुसार 'तुछिमला भैल प्याखँ' नेवार समुदायको धार्मिक आस्था, साँस्कृतिक पहिचान तथा सामुदायिक एकताको प्रतीकका रूपमा परिचित छ । विशेषगरी भक्तपुरको महत्वपूर्ण साँस्कृतिक सम्पदाका रूपमा रहेको यो नृत्य वि.सं. १९९० देखि निरन्तर सञ्चालन हुँदै आएको छ । पुस्तान्तरणसँगै अहिले युवा पुस्ताले समेत यसलाई निरन्तरता दिँदै आएका छन् ।

कार्यक्रमका लागि भक्तपुरबाट कलाकारहरूको टोली हेटौंडा आएको थियो । देवीदेवताप्रति श्रद्धा प्रकट गर्दै समुदायमा शान्ति र सद्भाव कायम गर्ने उद्देश्यले परम्परागतरूपमा यो नाच प्रदर्शन गरिँदै आएको बताइएको छ । कार्यक्रम संयोजक निलम वैद्यका अनुसार युवापुस्तालाई साँस्कृतिक संरक्षण र मौलिक परम्पराको जगेर्नातर्फ प्रेरित गर्न कार्यक्रम आयोजना गरिएको हो ।

कार्यक्रममा भैरव, महाकाली, बाराही, दुर्गा देवी, महालक्ष्मीलगायत देवी-देवतासँग सम्बन्धित नृत्य प्रस्तुत गरिएको थियो । साथै खिचा प्याखँ र क्वाँचा प्याखँ समेत प्रदर्शन गरिएको थियो । यस नाचमा विभिन्न शक्तिशाली तथा रक्षक देवीदेवताहरूको साँस्कृतिक प्रस्तुति रहने विशेषता रहेको छ ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

### ‘गणतन्त्र’ सेवक भएर काम गर्ने व्यवस्था: प्रदेश प्रमुख देवकोटा

# गणतन्त्रले जनतालाई ‘मालिक’ बनाएको छ: मुख्यमन्त्री बानियाँ

साझाकुरा संवाददाता

हेटौंडा, १५ जेठ/ बागमती प्रदेशका प्रदेश प्रमुख दीपकप्रसाद देवकोटाले गणतन्त्र शासक नभई सेवक भएर काम गर्ने व्यवस्था भएको बताएका छन् । जनताबाट अनुमोदित प्रतिनिधिले देश र जनताप्रति उत्तरदायी भएर काम गर्ने प्रणाली नै गणतन्त्र भएको उनको भनाइ थियो ।

१९ औं गणतन्त्र दिवसको अवसरमा बागमती प्रदेश सरकार द्वारा शुक्रबार हेटौंडामा आयोजित विशेष कार्यक्रममा सम्बोधन गर्दै प्रदेश प्रमुख देवकोटाले संघीय लोकतान्त्रिक गणतन्त्र केवल शासन प्रणालीको परिवर्तन नभई जनताको जीवनस्तर परिवर्तन गर्ने माध्यम भएको बताए ।




उनले गणतन्त्रलाई जनताले प्रत्यक्ष अनुभूति गर्न सक्ने व्यवस्था बनाउन सबै पक्ष जिम्मेवार बन्नुपर्नेमा जोड दिए । प्रदेश प्रमुख देवकोटाले गणतन्त्रको वास्तविक सार राज्यको शक्ति र स्रोतमा आम नागरिकको समान पहुँच सुनिश्चित गर्नु रहेको बताए । ‘गणतन्त्र सजीव हो, यसका पदचापहरू अनुभूत गर्न सकिने हुनुपर्दछ’, उनले भने, ‘आजको दिन हामी सबैले आत्म समीक्षा गर्ने दिन पनि हो ।’

उनले केवल भाषण र नाराले मात्र गणतन्त्र सुदृढ नहुने स्पष्ट पारेका छन् । जनताको जीवनस्तरमा प्रत्यक्ष सुधार ल्याउन नसकिए कुनै पनि व्यवस्था सफल हुन नसक्ने उनको धारणा थियो । ‘महको सिसीलाई बाहिरबाट चाटेर महको स्वाद थाहा नपाएजस्तै जनताको जीवनमा सहजता र परिवर्तन नआएसम्म जुनसुकै व्यवस्था पनि असफल सावित हुन सक्छ,’ उनले भने ।

प्रदेश प्रमुख देवकोटाले गणतान्त्रिक व्यवस्थामा धेरै सकारात्मक उपलब्धि हासिल भएपनि नेतृत्व वर्गमा गलत मानसिकता हाबी हुँदै गएको टिप्पणी गरे । राजनीतिक अधिकारको लडाइँ धेरै हदसम्म पूरा भइसकेको अवस्थामा अबको मुख्य ध्यान आर्थिक समृद्धि, सुशासन र सामाजिक न्यायतर्फ केन्द्रित गर्नुपर्ने उनले बताए ।

उनले गणतन्त्रलाई अधिकार र अवसरको व्यवस्थामात्र नभई साझा उत्तरदायित्वको व्यवस्थाको रूपमा बुझ्न आग्रह गरे । ‘देश र जनताप्रति जवाफदेही भएर सत्तामा बस्नेहरूले गर्ने निर्णय नै गणतन्त्रको प्राण हो’, उनले भने । प्रत्येक नागरिकले आत्मसम्मान, स्वतन्त्रता र सुरक्षित भविष्यको अनुभूति गर्न पाउनु नै लोकतान्त्रिक गणतन्त्रको सफलता हुने उनको धारणा थियो ।

प्रदेश प्रमुख देवकोटाले व्यवस्थालाई संस्थागत गर्दै पारदर्शी, सुदृढ, जवाफदेही र जनमुखी बनाउन राजनीतिक दल, सरकार र नागरिक समाज सबैको साझा जिम्मेवारी रहेको उल्लेख गरे ।

उनले देशलाई आत्मनिर्भर बनाउने दिशामा कृषि आधुनिकीकरण, जलस्रोतको समुचित उपयोग, दीगो पर्यटन प्रबर्द्धन तथा उद्योग स्थापनालाई प्राथमिकता दिनुपर्ने बताए । समृद्ध नेपाल निर्माणका लागि संघ, प्रदेश र स्थानीय तहबीचको सहकार्यसँगै निजी क्षेत्रसँगको बलियो समन्वय आवश्यक रहेको उनको भनाइ थियो ।

राजनीतिक मतभिन्नतालाई केही समयका लागि थाती राखेर विकास र जनसेवाको साझा एजेन्डामा सबै पक्ष एकजुट हुनुपर्ने आवश्यकता औँल्याउँदै प्रदेश प्रमुख देवकोटाले अहिलेको समय राष्ट्रिय सहकार्यको समय भएको उल्लेख गरे ।

विश्व तीव्र परिवर्तन र ध्रुवीकरणको दिशातर्फ अघि बढिरहेको उल्लेख गर्दै प्रदेश प्रमुख देवकोटाले नेपाली युवामा सुशासन र आमूल परिवर्तनको चाहना तीव्ररूपमा बढिरहेको बताए । नयाँ पुस्ताको सोच, मनोविज्ञान र अपेक्षालाई समयमै बुझ्न नसकिए देश दीर्घकालीन अस्थिरतातर्फ धकेलिन सक्ने खतरा रहेको उनले चेतावनी दिए ।

समारोहलाई सम्बोधन गर्दै बागमती प्रदेशका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँले संघीय लोकतान्त्रिक गणतन्त्रले नेपाली जनतालाई शासन व्यवस्थाको मालिक बनाएको बताएका छन् । उनले २०७२ साल असोज ३ गते जारी संविधानले नागरिक स्वतन्त्रता, मौलिक हक, सामाजिक न्याय, समावेशिता र समानुपातिक प्रतिनिधित्वलाई राज्य व्यवस्थाको मूल आधारका रूपमा स्थापित गरेको उल्लेख गरे ।

मुख्यमन्त्री बानियाँले महिला, दलित, आदिवासी जनजाति लगायत सबै समुदायको राज्य संरचनामा सहभागिता सुनिश्चितहुँदै जानुलाई गणतन्त्रको महत्वपूर्ण उपलब्धिको रूपमा चित्रण गरे । गणतन्त्रले मुलुकमा समावेशी राज्य संरचनाको आधार निर्माण गरेको भन्दै उनले यसको उपलब्धिलाई कमजोर देखाउने प्रयासप्रति सचेत रहनुपर्नेमा जोड दिए ।

‘गणतन्त्रका उपलब्धि केही होइनन् भन्ने गलत भाष्य जबरजस्ती स्थापित गर्ने प्रयास भइरहेको छ’, उनले भने, ‘यसतर्फ सबै नागरिक सचेत रहन आवश्यक छ ।’ उनले राजनीतिक दल र सरकारको नेतृत्वमा पुगेकाहरूको शैली, व्यवहार तथा गलत आचरणका कारण जनतामा असन्तुष्टि बढ्दै गएको स्वीकार गरे । विशेषगरी युवापुस्ताको असन्तुष्टिलाई बहाना बनाएर मुलुकमा राजनीतिक गतिरोध सिर्जना गर्ने प्रयास भइरहेको उनको भनाइ थियो ।

मुख्यमन्त्री बानियाँले संघीय सरकारका प्रारम्भिक गतिविधि र प्रवृत्तिले संघीयता नै जोखिममा पर्ने चिन्ता बढाएको उल्लेख गरेका छन् । ‘संघीय सरकार संघीयताप्रति उदासिन भएको हो कि भन्ने प्रश्न उब्जिएको छ’, उनले भने । यद्यपि प्रदेश सरकार भने संघीय लोकतान्त्रिक गणतन्त्रको रक्षा र संरक्षणप्रति पूर्ण प्रतिबद्ध रहेको उनले स्पष्ट पारेका छन् ।

मुख्यमन्त्री बानियाँले आजको आवश्यकता केवल राजनीतिक परिवर्तनको रक्षा गर्नुमात्र नभई त्यसलाई जनजीवनसँग प्रत्यक्षरूपमा जोड्नु रहेको बताए । आमनागरिक्ले लोकतन्त्रको अनुभूति आफ्नै दैनिक जीवनमा गर्न सक्नुपर्ने उनको भनाइ थियो । समारोहमा प्रदेश सरकारले विधागतरुपमा ४ पत्रकारलाई पुरस्कृत गरेको छ ।

खोज पत्रकारिता पुरस्कार बापत नयाँ पत्रिकाका पोष्टराज अधिकारी, विकास पत्रकारिता पुरस्कारबाट सुनिता विष्ट, सुशासन पत्रकारिता पुरस्कारबाट रामेछापका युवराज श्रेष्ठ र संघीयता संस्थागत पुरस्कारबाट ललितपुरका रामहरि कार्की पुरस्कृत भएका हुन् । उनीहरुलाई जनही ५० हजार नगदसहित पुरस्कार प्रदान गरिएको हो । कार्यक्रममा गणतन्त्र दिवसका अवसरमा आयोजित निबन्ध प्रतियोगिता, खुल्ला दौड प्रतियोगिताका बिजयीहरुलाई पनि पुरस्कार प्रदान गरिएको थियो । कार्यक्रममा स्थानीय भेषभुषा र सँस्कृति झल्कने झाँकी समेत प्रस्तुत गरिएको थियो ।

शर्मिला राना ९८४१९९९४८७
कल्पना न्यौपाने ९७६७७६४४४७
उषा अधिकारी ९८४५१२५९०८
स्वर्गद्वारी महिला पञ्चेबाजा समूह
हेटौंडा-१, मकवानपुर

हाम्रो सेवा: विवाह, ब्रतवन्ध, पार्टी, विभिन्न कार्यक्रम, सप्ताह एवम् अन्य शुभकार्यको लागि स्तरीय पञ्चेबाजाको लागि सम्पर्क राख्नुहोस् ।

# अतिक्रमित जग्गा खाली गराउन मत्स्य प्रवर्द्धन केन्द्रले चलायो डोजर

साझाकुरा संवाददाता

हेटौंडा, १५ जेठ/ प्राकृतिक जलाशय मत्स्य प्रबर्द्धन तथा संरक्षण केन्द्रले आफ्नो स्वामित्वमा रहेको अतिक्रमित जग्गा खाली गराउन डोजर चलाएको छ ।



केन्द्रले पटक-पटक सूचना जारी गर्दासमेत अतिक्रमित क्षेत्र खाली नगरिएपछि सुरक्षाकर्मीको बाक्लो उपस्थितिमा शुक्रबारदेखि संरचना हटाउने काम सुरु गरिएको हो । केन्द्रले गत जेठ ८ गते तेस्रोपटक सार्वजनिक सूचना जारी गर्दै आफ्नो नाममा रहेको जग्गा ७ दिनभित्र खाली गर्न निर्देशन दिएको थियो । त्यसपछि माइकिङ गर्नुका साथै घरघरमा सूचना टाँस गरेर अतिक्रमण हटाउन आग्रह गरिएको थियो । तर, तोकिएको समयभित्र पनि अतिक्रमण नहटाइएपछि केन्द्रले प्रशासन र सुरक्षाकर्मीको सहयोगमा डोजर प्रयोग गरी संरचना हटाउन थालेको जनाएको छ ।

हेटौंडा उपमहानगरपालिका-५ मा रहेको केन्द्रको नाममा दर्ता भएको कित्ता नम्बर ९६ को करिब ४ कठ्ठा क्षेत्रफल जग्गा केही व्यक्तिहरुले अनधिकृतरुपमा प्रयोग गर्दै आएका थिए । अतिक्रमण गरी निर्माण गरिएका ७ वटा घरटहरा तथा शौचालय हटाइने केन्द्रका प्रमुख सरोजकुमार यादवले जानकारी दिएका छन् ।

केन्द्रले मत्स्य उत्पादनसँग सम्बन्धित कार्यक्रम सञ्चालन गर्न आवश्यक भएकाले अतिक्रमण हटाउनुपरेको बताए । जग्गा खाली भएपछि उक्त क्षेत्रमा ग्रास कार्प माछाका लागि आवश्यक आहारा उत्पादन गरिने केन्द्रले जनाएको छ । त्यसका लागि केरा, मकै, भटमास लगायतका बाली लगाइनेछ भने नेपीयर, सुडान, बदामे, परा र ढैंचा जस्ता उन्नत घाँस पनि खेती गरिने प्रमुख यादवले जानकारी दिए । माछा उत्पादनलाई दीगो र व्यावसायिक बनाउने उद्देश्यले आफ्नै जग्गामा आहारा उत्पादन गर्ने योजना अघि बढाइएको हो ।

# हेटौडामा दीगो वन ब्यवस्थापन सम्बन्धि अन्तर्क्रिया

साझाकुरा संवाददाता

हेटौंडा, १५ जेठ/ दीगो वन ब्यवस्थापन कार्ययोजना लागू भएका विभिन्न सामुदायिक वन समूहमा आईपरेका समस्याहरुको समाधान गर्न गर्नुपर्ने कार्यहरुको बारेमा शुक्रबार हेटौंडामा छलफल गरिएको छ ।


छलफल कार्यक्रममा डिभिजन वन कार्यालय, मकवानपुरका वरिष्ट वन अधिकृत विशाल भट्टराई र वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र गोदावरी ललितपुरकी वन अधिकृत राधिका शर्माले सहजीकरण गरेका थिए ।

छलफल कार्यक्रममा बागमती प्रदेशको वन ऐन, नियमावली, दीगो वन ब्यवस्थापनका फाईदाहरु, समस्या समाधानका प्रयास, वन ब्यवस्थापन, सदुपयोगलगायत विषयमा जानकारी गराइएको थियो ।

सहभागीहरुले आर्थिक अभावका कारण दीगो वन ब्यवस्थापन कार्य योजनामा उल्लेख गरे अनुसारको काम गर्न गाह्रो परेको, उपभोक्ताहरुमा निष्क्रियता बढेको, प्राविधिक ज्ञानको कमी भएको, भौगोलिक बिकटताले समस्या परेको, चोरी निकासी नियन्त्रण गर्न कठिनाई परेको लगायत समस्याको बारेमा जानकारी गराएका थिए ।

छलफल कार्यक्रममा विभिन्न सव डिभिजन वन कार्यालयका प्रमुख, कर्मचारी, सामुदायिक वन उपभोक्ता महासंघ मकवानपुरका प्रतिनिधि, सामुदायिक वनका पदाधिकारी, सदस्य र सञ्चार कर्मीसमेतको सहभागिता थियो ।

श्री निर्मल माध्यमिक विद्यालय
हेटौंडा-१९, बस्तिपुर
ADMISSION OPEN Class-11
कक्षा-११ मा भर्ना खुल्यो
शिक्षा | कम्प्युटर साइन्स
व्यवस्थापन | मानविकी | कानुन
सम्पर्क: ९८५५०३०८८७,९८५५०६७७९९, ९८४५०७१७८८,९८४५०७१६५८

आकर्षक घडेरी बिक्रीमा
हेटौंडा वडा नं. १ स्वर्गलोक,
हेटौंडा मोडल अस्पताल पछाडि


सम्पर्क:
९८५१०८९६३४ (मुकुन्द कार्की)
९८४४५०५३४९ (श्री लामा)

“सफा ट्यांकी, स्वस्थ जिन्दगी”
तपाईको पानी ट्यांकी कत्तिको सुरक्षित छ ?
कहिले याद गर्नु भएको छ ? बाहिरबाट स्वस्थ र सफा देखिए पनि ट्यांकी भित्र धुलो, हिलो, लेउ र किटाणुको भण्डार भई दुषित त छैन ?
याद गर्नुहोस् है
हामीले दुषित पानीबाट ब्रस वा मुख धुने, नुहाउने, खाना पकाउने, पिउने जस्ता कार्यहरु गरिरहेका छौं भने, प्राय रोगहरु दुक्षित पानीका कारण स्वास्थ्यमा धेरै समस्य देखा पर्न सक्दछ ।
- डायरिया
- कालो झाडा
- टाइफाइट
- हेपाटाइटिस ए
- स्किन यन्फेक्सन,
साथै अन्य जलजन्य रोगहरु लाग्न सक्दछ ।

अब तपाईको घरदैलोमा सस्तो र भरपर्दा सफाई सेवा लिएर आएका छौ, अत्याधुनिक प्रविधि उपकरणबाट सफाई गर्छौं । अब ढिला नगरौं आजै आफ्नो ट्यांकी सफा गरी आफ्नो र परिवारको स्वास्थ्य जोगाउनुहोस् ।
छत/भूमिगत पानी ट्यांकी सफाई सेवा
थप जानकारीको लागि
इनर्जेटिक सर्भिसिज प्रा.लि.
९८२७२८३०३०, ९७६१७१९६९९, ९८५५०६७१११

साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना